# नौबहिनी गाउँपालिका शिक्षा ऐन,२०७४

**प्रस्तावना :** राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुलको गुणस्तरीय शिक्षा प्रदान गर्न नौबहिनी गाउँपालिकाभित्र स्थापना हुने तथा स्थापना भई संचालन भईरहेका विद्यालयहरुको संचालन,व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२१,अनुसूची ८ को सूची नं. ८ तथा स्थानिय शासन संचालन ऐन २०७४ को दफा ११(ज) बमोजीम नौबहिनी गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस ऐनको नाम “नौबहिनी गाउँपालिका शिक्षा ऐन,२०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क. विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

ख. आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ग. माध्यमिक शिक्षा भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

घ. विद्यालय भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

ङ. आधारभूत विद्यालय भन्नाले खण्ड ख बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

च. माध्यमिक विद्यालय भन्नाले खण्ड ग बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ,

छ. शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ज. कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

झ.प्रमुख भन्नाले गाउँपालिकाको प्रमुख सम्झनुपर्छ ।

ञ. अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेखीत व्यक्ति सम्झनुपर्छ ।

ट. तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ

ठ. अनुमति भन्नाले गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ड.स्वीकृति भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ढ. आवासिय विद्यालय भन्नाले गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

ण. सामुदायिक विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

त. संस्थागत विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

थ. शैक्षिक गुठी भन्नाले विद्यालय संचालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

द. आयोग भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

ध. गाउँपालिका  भन्नाले नौबहिनी गाउँपालिका सम्झनुपर्छ ।

न. गाउँसभा भन्नाले नौबहिनी गाउँपालिकाको गाउँ सभालाई जनाउदछ ।

प. प्रारम्भिक बाल शिक्षा भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

फ. विशेष शिक्षा भन्नाले दृष्टिविहीन,बहिरा,अटिज्म,बौद्धिक अपांगता,सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकाहरुलाई छुटै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

ब. स्थायी आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी बसोबास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.),परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई जनाउँछ।

३. विद्यालय खोल्न अनुमति लिनुपर्ने : (१)कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिका शिक्षा शाखा वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा गाउँपालिका शिक्षा शाखा वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा संचालनमा रहेका संस्थागत विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन मनासिब देखिएमा माग बमोजिम विद्यालय खोल्न स्वीकृति दिनेछ ।

४ विद्यालयको संचालन : विद्यालयको संचालन तोकिए बमोजिम हुनेछ ।

५ परीक्षाको परीचालन र नियन्त्रण : आधारभूत शिक्षा उत्तिर्ण परीक्षा र माध्यमिक शिक्षा उत्तिर्ण परीक्षाको परीचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

६ माध्यामिक शिक्षाको प्रकार : माध्यामिक शिक्षा देहाएका प्रकारका हुनेछन् :

क साधारण माध्यमिक शिक्षा

ख प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

ग संस्कृत माध्यमिक शिक्षा ।

७. विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूरशिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था : (१) कुनै विद्यालयले विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा संचालन गर्न चाहेमा तोकिएको विवरण खुलाई  गाउँ शिक्षा शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँ शिक्षा शाखाले आवश्यक जाँचबुझ गरी तोकिएको शर्त बन्देज पालना गर्ने गरी स्वीकृति दिन सक्नेछ ।

(३) दूरशिक्षा,समावेशी शिक्षा र विशेष शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ ।

(४)उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन,न्युनदृष्टियुक्त,बहिरा,सुस्त श्रवण,अटिज्म,बौद्धिक अपांगता तथा श्रवण दृष्टिविहीन बालबालिकाको लागि पाठ्यक्रम,पाठ्यपुस्तक,शिक्षण सिकाइ र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

८. शिक्षाको माध्यम :(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा,अंग्रजी भाषा वा दुवै हुनेछ ।

(२) अनिवार्य अंग्रेजी भाषा अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक : विद्यालयले नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय सरकारले स्वीकृत गरेको पाठ्यक्रम वा पाठ्यपुस्तक लागु गर्नुपर्नेछ । **गाउँपालिकाले गाउँपालिका स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्नका लागि पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।**

१०. गाउँपालिका शिक्षा शाखा : गाउँ सरकारले प्रत्येक गाउँपालिकामा एक गाउँ शिक्षा शाखा स्थापना गर्न सक्नेछ ।

११. गाउँपालिकाशिक्षा समितिको गठन : (१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिकामा देहाय बमोजिमको गाउँशिक्षा समिति रहनेछ :

क.गाउँपालिकाको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको व्यक्ति प्रमुख

ख. गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्यहरुमध्ये एकजना महिला समेत दुईजना सदस्य

ग. गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य

घ. स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना दलित र दुई जना महिलासहित तीनजना सदस्य

ङ. गाउँपालिकाका भित्रका विद्यालयका प्रधानाध्याकहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेका कम्तिमा एकजना महिलासहित दुई जना सदस्य

च.गाउँपालिका स्थित विशेष शिक्षा,समावेशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपांगता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपांगता भएको व्यक्ति एकजना सदस्य

छ. गाउँपालिकास्तरीय शिक्षक महासंघको अध्यक्ष
सदस्य

ज. गाउँपालिका शिक्षा अधिकारी सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि ५ वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(३) गाउँपालिका शिक्षा समितिको काम,कर्तव्य,अधिकार देहाय बमोजिम हुनेछ :

क. शिक्षासम्बन्धि गाउँस्तरीय योजना तर्जुमा गर्ने,

ख. सामुदायिक विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउने,

ग. गाउँपालिकाको शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

घ. गाउँपालिकाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा संचालन गर्न सहयोग गर्ने,

च. सामुदायिक विद्यालयको लेखापरीक्षकको पारीश्रमिक निर्धारण गर्ने,

छ. गाउँपालिकाभित्रका सामुदायिक विद्यालय अन्तर्गत नेपाल सरकारबाट स्वीकृत शिक्षक दरवन्दि तथा गाउँपालिकाले श्रृजना गरेका शिक्षक दरबन्दिलाई विद्यार्थी संख्याको आधारमा न्युनतम कक्षागत दरबन्दि कायम गरी उपलब्ध तथा श्रृजित दरबन्दि वितरण र मिलान गर्ने,

ज. गाउँपालिकाक्षेत्रभित्रका विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्ने,

झ. गाउँपालिकाक्षेत्रभित्रका विद्यालय समायोजन र शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सरुवा,बढुवा तथा आवश्यक कारवाहीको लागि मापदण्ड तयार गर्ने,

ञ. विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(४) गाउँपालिकाशिक्षा समितिको अन्य काम,कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) गाउँपालिकाशिक्षा अधिकारीको काम,कर्तव्य र अधिकार तोकिए बमोजिमको हुनेछ ।

१२. वडा शिक्षा समिति : (१) गाउँशिक्षा समितिले गाउँपालिकाका प्रत्येक वडामा आवश्यकता अनुसार वडा शिक्षा समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा शिक्षा समितिको गठन प्रक्रिया,काम,कर्तव्य र अधिकार तोकिए बमोजिमका हुनेछन् ।

१३. सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्ने : गाउँपालिकाले समुदायमा साक्षरता सीप,सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ ।

१४. प्रारम्भिक बाल शिक्षासम्बन्धि व्यवस्था : (१) प्रत्येक विद्यालय वा समुदायमा गाउँपालिकाले आवश्यकताको आधारमा एकवटा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएका वा यसभन्दा अघि स्थापना भई संचालनमा रहेका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई गाउँपालिकाले तोकिएको आधारमा अनुदान दिन सक्नेछ ।

१५. अनुदानको व्यवस्था : (१) सामुदायिक विद्यालयलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

१६. साझेदारीको रुपमा विद्यालय संचालन गर्न सक्ने : (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरुबीच साझेदारीको रुपमा विद्यालय संचालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन हुने विद्यालयमा गठन हुने विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तथा साझेदारीका तरिकाहरु तोकिए बमोजिमका हुनेछन् ।

१७. सहकारीको रुपमा विद्यालय संचालन गर्न सक्ने : (१) गाउँपालिकाक्षेत्रभित्र सहकारीको रुपमा विद्यालय संचालन गर्न चाहनेले सो सम्बन्धि विधान बनाई गाउँपालिका शिक्षा शाखामा निवेदन  पेस गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले विधान तथा स्थलगत जाँचबुझ गरी गराई मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमती प्राप्त विद्यालयको संचालन,व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ ।

१८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धि व्यवस्था : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अनुमति, संचालन, व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ ।

१९.छात्रवृत्तिको व्यवस्था गर्न सक्ने : (१) गाउँपालिकाशिक्षा शाखाले उच्च तहमा प्राविधिक विषय अध्ययन गर्ने जेहेन्दार तथा गरीब विद्यार्थीलाई आवश्यक शर्त तोकि छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) छात्रवृत्ति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालय सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना — सदस्य

ख विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा सदस्य — सदस्य

ग विद्यालयका संस्थापक,शिक्षाप्रेमी,स्थानीय बुद्धिजिवी,समाजसेवी वा चन्दादाताहरुमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना — सदस्य

घ विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको एक जना — सदस्य

ङ विद्यालयका प्रधानाध्यापक — सदस्य सचिव

(२) प्राविधिक वा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयमा गाउँपालिकास्तरको उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड क,ख वा ग बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) सम्बन्धित विद्यालय निरीक्षक वा स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यववेक्षकको रुपमा भाग लिन आमन्त्रण गरीनेछ ।

(६) संस्थागत विद्यालयको संचालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा नगरशिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति अध्यक्ष

ख अभिभावकहरुमध्येबाट एक महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुइ सदस्य

ग स्थानिय शिक्षाप्रेमी वा समाजसेवीमध्ये गाउँशिक्षा शाखाले मनोनित गरेको एकजना सदस्य

घ सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक सदस्य

च विद्यालयका शिक्षकहरुले आफुहरुमध्ये छानी पठाएको एकजना सदस्य

च विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

(७) उपदफा (१),(२क) र (४) बमोजिम छानीएका वा मनोनित प्रमुख वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक,पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन । (८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परीचालन गर्ने,

ख विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने,राख्न लगाउने र सुरक्षा गर्ने,

ग विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने,

घ विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँशिक्षा समितिलाई दिने,

ङ) गाउँ शिक्षा शाखाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

च) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँपालिका शिक्षा शाखामा पेश गर्ने,

छ) गाउँपालिकाशिक्षा शाखाबाट खटिएको शिक्षकलाई हाजिर लगाई काममा लगाउने,

ज) गाउँपालिकाशिक्षा समिति र गाउँशिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

ट शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परीचालन गर्ने,

ख विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग विद्यालयको चल,अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ नेपाल सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पढाउन आवश्यक देखिएमा गाउँशिक्षा शाखाको स्वीकृति लिने,

च आयोगबाट अध्यापन अनुमतिपत्र लिई गाउँशिक्षा शाखाले शिक्षक पदको लागि निकालेको प्रतिक्षा सूचीमा सूचीकृत व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

छ नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

ज अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

झ संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँशिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

ञ गाउँपालिकाले दिएका निर्देशनहरुको पालना गर्ने ।

२१.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने :(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाई गाउँशिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्मका लागि वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँशिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२२.गाउँपालिकाशिक्षा कोष : (१) प्रत्येक गाउँपालिकामा एक गाउँशिक्षा कोष स्थापना हुनेछ,जसमा देहायका रकमहरु रहनेछन् :

क नेपाल सरकारबाट प्राप्त अनुदान,
ख प्रदेश सरकारबाट प्राप्त अनुदान,
ग जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,
घ गाउँपालिका कार्यपालिकाबाट प्राप्त अनुदान,
ङ शिक्षा करबाट उठेको रकम,
च चन्दाबाट उठेको रकम,
च अन्य स्रोतबाट प्राप्त रकम ।
(२) उपदफा (१) बमोजिम कोषको संचालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२३ विद्यालय कोष : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ,जसमा देहायका रकमहरु रहनेछन् :

क नेपाल सरकारबाट प्राप्त अनुदान,
ख प्रदेश सरकारबाट प्राप्त अनुदान,
ग जिल्ला समन्वय समितिबाट प्राप्त रकम,
घ गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,
च शुल्कबाट आउने रकम,
च चन्दा वा दातव्यबाट प्राप्त रकम,

छ अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखापरीक्षण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ

२४ गाउँपालिकाले निर्देशन दिन सक्ने : (१) गाउँपालिकाकार्यपालिकाले आवश्यकता अनुसार गाउँपालिकाशिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्रत्येक गाउँपालिका शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२५ गाउँपालिकाले विद्यालय सार्न,गाभ्न,नाम परीवर्तन गर्न वा बन्द गर्न सक्ने : गाउँपालिका कार्यपालिका वा तोकिएको अधिकारीले गाउँशिक्षा समितिको राय लिई संचालन भईरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परीवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

२६ विद्यालयको सम्पत्ति : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरीएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम चल सम्पत्ती बेचबिखन गरी प्राप्त रकम सम्बन्धित गाउँपालिकाशिक्षा कोषमा जम्मा गर्नेछ ।

(२)शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरीएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परीवर्तन गर्न पाईने छैन ।

(३) कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

२७ विद्यालयलाई छुट र सुविधा : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्टेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा गाउँपालिका ले तोकिएको आधारमा रजिष्टेशन दस्तुर छुट दिन सक्नेछ ।

२८. विद्यालय,शिक्षक तथा विद्यार्थीको वर्गीकरण : विद्यालय,शिक्षक तथा विद्यार्थीको वर्गीकरणका आधारहरु तोकिए बमोजिमका हुनेछन् ।

२९. अनुमति वा स्वीकृति रद्ध गर्न सक्ने : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरीएको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ ।

३०. शुल्कसम्बन्धि व्यवस्था : (१) आधारभूत शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान,उपहार,चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) अपाङ्गता भएका र आर्थिकरुपले विपन्न परिवारका बालवालिकालाई सामुदायिक विद्यालयले माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अवसर प्रदान गरिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरीनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृति गराई निर्धारण गर्नु पर्दछ । त्यसरी शुल्क निर्धारण गर्दा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा स्वीकृति दिनेछ ।

(६) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले त्यस्तो शुल्क विद्यार्थीलाई फिर्ता गर्न लगाई एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ,

३१. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) गाउँ शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई पदबाट हटाइने छ ।

क. पदीय दायित्व पूरा नगरेमा,

ख. बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग. विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

च. सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यावसायिक क्रियापलाप गरेमा,

च. शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारणी समितिको सदस्य भएको पाइएमा,

छ. शिक्षकले अन्य देशको स्थायी आवासीय अनुमति पत्र लिएमा ।

(२) उपदफा (१) को (च) मा जुनसुकै कुरा लेखिएता पनि आफ्नो पेशागत हकहितको लागि खोलिएको पेशागत संगठनको सदस्य हुनबाट रोक लगाएको मानिने छैन ।

(३) शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँशिक्षा अधिकारीले हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि सफाई पेश गर्ने अवसरबाट वञ्चित गरीने छैन ।

३२. शैक्षिक योग्यता : विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजीम हुनेछ ।

३३. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने : (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले हटेदेखि पुनःबहाली भएसम्मको पूरा तलव पाउनेछ ।

३४. शिक्षकको तथा कर्मचारको नियुक्ति तथा सरुवा :

१. गाउँपालिकाभित्र रिक्त अस्थायी, राहात, करार अनुदान शिक्षक तथा कर्मचारीको नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२. एक विद्यालयमा घर पायक वा अपायक भई ५ वर्ष अध्यापन कार्य पुरा गरेको शिक्षकलाई गाउँपालिकाभित्र प्रक्रिया पुरा गरी सरुवा गर्न सकिने छ ।

३. सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी सम्बधित गाउँशिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

४. उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा गाउँशिक्षा अधिकारीले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई निश्चित समयावधि तोकी सरुवा गर्न सक्नेछ ।

त्यसरी सरुवा गर्दा दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक पर्नेछ ।

५. उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा ५ वर्षे सेवा अवधि पूरा गरेको शिक्षकलाई निश्चित मापदण्डको आधारमा गाउँशिक्षा अधिकारीले समयावधि तोकी सरुवा गर्न सक्नेछ ।

६. तोकिएको मापदण्डको आधारमा गाउँशिक्षा शाखाले दरबन्दि मिलानको क्रममा शिक्षकको सरुवा गर्न सक्नेछ । त्यस्तो अवस्थामा माथिका उपदफाहरु लागु हुन सक्ने छैनन् ।

३५. प्रधानाध्यापकको व्यवस्था : (१) हरेक विद्यालयको शैक्षणिक तथा प्रशासनिक कार्य सम्पादन गर्नको लागि त्यस विद्यालयमा भएका शिक्षकहरुमध्ये वरिष्टतम स्थायी र योग्य शिक्षक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको छनौट,काम,कर्तव्य र अधिकार तथा सेवा,सुविधा तोकिए बमोजिम हुनेछन् ।

३६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको दश प्रतिशतमा नघटाई जेहेन्दार,बिपन्न,अपांग,महिला,दलित तथा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति छनोट समिति र छनोटका आधारहरु तोकिए बमोजिम हुनेछन् ।

३७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : दफा ३० को अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

३८. शैक्षिक परामर्श सेवा,विदेशी शैक्षिक कार्यक्रम, कोचिंग, टुयुसन वा शिक्षण कोर्स संचालन सम्बन्धि व्यवस्था : (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा, कोचिंग, ट्यूसन वा विदेशी मूलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन ।

(२)उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रमको अनुमति, अनुगमन र नियमन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. अभिभावक शिक्षा प्रदान गर्न सक्ने : (१) गाउँपालिका शिक्षा शाखाले गाउँपालिका विद्यालयहरुको सेवाक्षेत्रभित्रका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरीने अभिभावक शिक्षा तोकिए बमोजिमको हुनेछ ।

४०. पुस्तकालय तथा वाचनालय सम्बन्धि व्यवस्था : गाउँपालिकाले गाउँपालिकाक्षेत्रभित्र पुस्तकालय तथा वाचनालयको संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

४१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने : (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४२. दण्ड सजाय : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारीले बिगो असूल गरी बिगोको दोब्बर जरीवाना गर्न सक्नेछ ।

(२) कसैले देहाएका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्यमा सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयासम्म जरीवाना वा ६ महिना कैद वा दुवै सजाय हुनेछ ।

क. प्रश्नपत्रको गोपनियता भंग गरेमा,

ख. उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

ग. परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गरेमा वा प्रवेश गर्ने प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ. परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

च. अरुको तर्फबाट परीक्षा दिएमा,

छ. परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

ज. विद्यार्थी भर्ना गर्दा दान,उपहार,वा अन्य कुनै रकम लिएमा,

झ. अनुमति नलिई दफा ३० को उपदफा (१) हुनुपर्ने दफा ३८ को उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रम संचालन गरेमा ।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा

दायर भएको मितिदेखि टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा यस ऐन बमोजिम विभागीयय सजाय गरीनेछ ।

(४) निलम्बन अवधिमा शिक्षकले आधा तलब पाउनेछ भने सफाई पाएमा पूरा तलब पाउनेछ ।

४३. पुनरावेदन : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर ३५ दिनभित्र कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

४४. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्थाः १) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

२) उपदफा (१) बमोजिमका विद्यालय कर्मचारी नियुक्ति सेवा सर्तको शर्त र सुविधा सम्बन्धि तोकिए बमोजिम हुनेछ ।

३) उपदफा (२) बमोजिम स्वीकृत विद्यालय कर्मचारीको दरबन्दीमा यो दफा प्रारम्भ हुँदाका बखत कार्यरत कर्मचारीहरुलाइ तोकिए बमोजिम सेवा सुविधा हुनेछ ।

४५ दरबन्दी सिर्जना गर्न सक्ने : नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ।

४६. नियम बनाउने अधिकार : यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न गाउँपालिकाले प्रचलित शिक्षा ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक नियम बनाउन सक्नेछ ।

४७. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने : यस ऐनको कार्यान्वयनका लागि गाउँ पालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

४८. बाधा अड्काउ फुकाउने अधिकार : यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

४९. बचाउ र लागू नहुने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा प्रचलित भष्टाचार निवारण ऐन बमोजिम कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका दफा तथा उपदफाहरु संविधानसंग बाँझिएमा बाँझिएको हदसम्म स्वत:निस्क्रिय हुनेछन् ।

५०. स्रोतकेन्द्र व्यवस्था.पन कार्यविधि : गाउँपालिका भित्र रहेका विद्यालय संख्याको आधारमा स्रोतकेन्द्रको संरचना तयार गरि कार्यालय व्यवस्थापन र कार्यसंचालनका लागी स्रोत व्यक्तिको व्यवस्थापन गरिने छ ।